सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक १५ ♦ २०८३ साल असोज २७ मंगलवार ♦ 13 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महोत्तरीमा राति १० बजेपछि मेला महोत्सव सञ्चालनमा रोक

**खबर दर्पण समाचारदाता**

**असोज २६ गते, बर्दिवास**



नेपालीहरूको महान् चाड बडादशैं, दीपावली तथा छठ पर्वलाई सुरक्षित, मर्यादित र शान्तिपूर्ण बनाउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले विभिन्न प्रतिबन्धात्मक व्यवस्था लागू गरेको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सोमबार सूचना जारी गर्दै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा जात्राहरू सञ्चालन गर्दा स्वीकृत एकीकृत सुरक्षा योजनाको पूर्ण पालना गर्न सम्बन्धित सबैलाई आग्रह गरेको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेलद्वारा जारी सूचनामा मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नुअघि सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने र जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग अनिवार्य समन्वय गर्नुपर्ने उल्लेख छ ।

कार्यक्रमका आयोजकलाई सुरक्षाको पूर्ण जिम्मेवारी लिनसमेत प्रशासनले सचेत गरएको छ ।

प्रशासनले सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम राति १० बजेपछि सञ्चालन गर्न रोक लगाएको छ ।

उच्च आवाजमा डिजे तथा बाजागाजा बजाएर ध्वनि प्रदूषण गर्ने र अश्लील गतिविधि प्रदर्शन गर्ने कार्यसमेत निषेध गरिएको छ ।

त्यस्तै, पटका, भुइँचम्पा तथा आतिसबाजीजस्ता जनस्वास्थ्य र सुरक्षामा जोखिम पुऱ्याउने प्रज्वलनशील एवं विस्फोटक पदार्थको आयात, बिक्रीवितरण र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइएको सूचनामा उल्लेख छ ।

चाडपर्वका बेला जुवातास, सट्टेबाजी तथा अवैध मदिराको कारोबार नगर्न पनि प्रशासनले आग्रह गरेको छ ।

मादक पदार्थ सेवन गरेर सवारी साधन नचलाउन, ट्राफिक नियमको पालना गर्न तथा सडक आवागमनमा अवरोध नपुऱ्याउन सर्वसाधारणलाई सचेत गराइएको छ ।

छठ पर्वका अवसरमा नदी, पोखरी तथा अन्य जलाशयमा पूजा गर्दा विशेष सतर्कता अपनाउन र बालबालिका तथा ज्येष्ठ नागरिकको उचित रेखदेख गर्न प्रशासनले अनुरोध गरेको छ ।

मूर्ति विसर्जनको मार्गसमेत स्थानीय प्रशासनसँगको समन्वयमा निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, अनलाइन वित्तीय ठगीबाट बच्न ओटीपी र पासवर्ड गोप्य राख्न, सामाजिक सञ्जालमा भ्रामक सूचना तथा धार्मिक र साम्प्रदायिक सद्भाव बिगार्ने सामग्री प्रकाशन वा प्रसारण नगर्न प्रशासनले आग्रह गरेको छ ।

चाडपर्व मनाउन घर वा पसल बन्द गरेर बाहिर जाँदा सुरक्षित ताल्चा लगाउन, देउँसीभैलो मर्यादित रूपमा सञ्चालन गर्न र मेला तथा उत्सवस्थलमा सर सफाइ कायम राख्नसमेत सूचनामार्फत अनुरोध गरिएको छ ।

जारी निर्देशन उल्लङ्घन गरी गैर कानुनी वा अवाञ्छित गतिविधि गरे वा गराएमा प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने प्रशासनले चेतावनी दिएको छ ।

कुनै शङ्कास्पद गतिविधि देखिएमा नजिकको प्रहरी कार्यालयमा तत्काल जानकारी गराउनसमेत सर्वसाधारणलाई आग्रह गरिएको छ ।

## प्रदेश सभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा



**खबर दर्पण समाचारदाता**

**असोज २६ गते, बर्दिवास**

महोत्तरीका मधेश प्रदेश सभा सदस्य अभिराम शर्मालाई प्रदेश सभा सदस्य पदबाट गरिएको निलम्बन फुकुवा गरिएको छ ।

मधेश प्रदेश सभा सचिवालयले आइतबार सूचना जारी गर्दै शर्माको निलम्बन फुकुवा गरिएको जनाएको हो ।

प्रदेश सभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाद्वारा जारी सूचना अनुसार नेपाल सरकार वादी र प्रतिवादी मधेश प्रदेश सभा सदस्य अभिराम शर्मासमेत भएको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतबाट भएको आदेशका आधारमा उहाँलाई निलम्बन फुकुवा गरिएको हो । महोत्तरी निर्वाचन क्षेत्र नं. ३(क) बाट निर्वाचित सांसद शर्माले आफूविरुद्धको मुद्दा सर्वोच्च अदालतमा पुनरावेदनको क्रममा रहेको र सर्वोच्च अदालतले आफूलाई साधारण तारिखमा राख्ने आदेश दिएको आधार प्रस्तुत गर्दै निलम्बन फुकुवाको प्रक्रिया अघि बढाउन माग गर्नुभएको थियो । शर्माले मधेश प्रदेश सभा सञ्चालनसम्बन्धी नियमावलीमा रहेको व्यवस्थालाई आधार बनाउँदै आफ्नो निलम्बन फुकुवाका लागि निवेदन दिनुभएको थियो । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (२) बमोजिम प्रतिवादीबाट दर्ता गरिएको पुनरावेदन पत्र अनुसार सर्वोच्च अदालतले शर्मालाई २०८३ साल भदौ २३ गतेको साधारण तारिखसमेत दिएको सूचनामा उल्लेख छ। मधेश प्रदेश सभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (४) बमोजिम प्रदेश सभा सदस्य शर्मालाई २०८३ साल असोज २६ गतेदेखि लागु हुने गरी सभामुखबाट निलम्बन फुकुवा गरिएको सचिवालयले स्पष्ट पारेको छ । प्रदेश सभा सचिवालयले उक्त निर्णयबारे जानकारी गराउन सूचना प्रकाशित गरेको जनाएको छ ।

मधेश आन्दोलनका क्रममा २०७२ साल भदौ २५ गते महोत्तरीको जलेश्वरमा सशस्त्र प्रहरीका असई थमन विकको मृत्यु भएको घटनासम्बन्धी मुद्दामा महोत्तरी जिल्ला अदालतले २०८० साल मङ्सिर २८ गते अभिराम शर्मासहित सात जनालाई जन्मकैदको सजाय सुनाएको थियो । सोही फैसलाका आधारमा २०८१ साल वैशाखमा शर्मा प्रदेश सभा

*बाँकी पृष्ठ ३ मा*

## बहिरा विद्यार्थीको शिक्षामा सुधार गर्न बहिरा स्रोत शिक्षकलाई सांकेतिक भाषा तालिम

**खबर दर्पण समाचारदाता**

**असोज २६ गते, बर्दिवास**



बहिरा तथा कम सुन्ने बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले स्रोत कक्षाका शिक्षकलाई लक्षित गरी आयोजना गरिएको पाँचदिने सांकेतिक भाषासम्बन्धी तालिम सोमबार सम्पन्न भएको छ । प्रादेशिक शिक्षा तालिम केन्द्र बाराको आयोजना तथा टेक्सस

*बाँकी पृष्ठ ३ मा*

**बडा दसैंको हार्दिक शुभकामना**

बडा दसैंको सुखद अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



CNI Madhesh Province

सि.ए. प्रमोद कुमार साह

अध्यक्ष

नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

# सामाजिक सञ्जालमा डरत्रास देखाउने दुईजना पक्राउ




**खबर दर्पण समाचारदाता**
**असोज २६ गते, बर्दिवास**

सामाजिक सञ्जाल डर त्राससहितका अपराधिक चरित्र देखाउने जनकपुरधामका दुईजना युवकलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जाल फेसबुकमा खुकुरी देखाउँदै डरत्रास फैलाउने प्रकृतिको आपत्तिजनक तस्बिर पोस्ट गरेको आरोपमा जनकपुरधाम उपमहानगर पालिका-१३ धाताटोल निवासी अन्दाजी १८ वर्षीय काले भन्ने सुमन पटेललाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार पटेलले फेसबुकमा धारिलो हतियार खुकुरी देखाएर त्रास फैलाउने प्रकृतिको तस्बिर अपलोड गरेको पाइएको थियो । सोही आधारमा प्रहरीले उनलाई आइतबार साँझ करिब साढे ५ बजे घरबाटै नियन्त्रणमा लिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार पक्राउ परेका युवकमाथि अनुसन्धान भइरहेको छ । घटनामा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

यस्तै सामाजिक सञ्जाल टिकटकमार्फत डरत्रास, धाकधम्की तथा सामाजिक हिंसा फैलाउने प्रकृतिको भिडियो सार्वजनिक गरेको आरोपमा जनकपुरधाम उपमहानगर पालिका-१९ निवासी अन्दाजी २१ वर्षीय काले भन्ने पशुपति पासवानलाई पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पासवानले टिकटकमा समाजमा डरत्रास र धाकधम्की सिर्जना गर्नुका साथै हिंसा फैलाउन सक्ने प्रकृतिको भिडियो अपलोड गरेको पाइएको थियो । सोही आधारमा प्रहरीले उनलाई सोमबार बिहान करिब ८:३० बजे आफ्नै घरबाट नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले घटनाबारे जानकारी दिँदै पक्राउ परेका युवकउपर अनुसन्धान भइरहेको र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइएको बताएका छन् । सामाजिक सञ्जालको प्रयोग गरी समाजमा डरत्रास, धाकधम्की तथा हिंसा फैलाउने गतिविधि गरेको आरोपमा प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

# रास्वपा महोत्तरीको आन्तरिक विवाद समाधान भएको दाबी

**खबर दर्पण समाचारदाता**
**असोज २६ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) महोत्तरीमा लामो समयदेखि देखिएको आन्तरिक विवाद समाधान भएको जिल्ला सभापति शुभमकुमार यादवले दाबी गर्नुभएको छ। पार्टीको संगठन समायोजन, विस्तार र जिल्ला अधिवेशन प्रभावित हुँदै आएको अवस्थामा मधेश प्रदेशका सभापति इन्जिनियर तपेश्वर यादवको पहलमा विवाद समाधान गरिएको उहाँले बताउनुभयो।

सोमबार महोत्तरीका पार्टी कार्यकर्तालाई भेला गराई जिल्ला कार्यसमितिको बैठक बसेको थियो। बैठकमा संगठनलाई थप सुदृढ, एकताबद्ध र प्रभावकारी बनाउने विषयमा छलफल भएको जिल्ला सभापति यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार बैठकमा सहभागी कार्यकर्ताले आगामी दिनमा आपसी छलफल, सहमति र सर्वसम्मतिका आधारमा निर्णय गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। विगतमा देखिएको मनमुटाव, गुट-उपगुट र आपसी विवाद अन्त्य गरी पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्ने सहमति भएको उहाँको भनाइ छ।

रास्वपा मधेश प्रदेशका संस्थापक कोषाध्यक्ष चन्दन साहले केन्द्रीय तहबाट पटक-पटक उच्चस्तरीय समिति गठन गरेर विवाद समाधानको प्रयास गरिए पनि प्रदेशको समस्या पूर्ण रूपमा समाधान हुन नसकेको बताउनुभयो। महोत्तरीमा प्रदेश सभापति यादवको पहलमा विवाद समाधान हुनु सकारात्मक सङ्केत भएको उहाँले उल्लेख गर्नुभयो।

रास्वपा सर्लाहीका संस्थापक सभापति कमलेश साहले पार्टीमा नयाँ र पुराना सदस्यलाई समेटेर संगठन समायोजन गर्नु चुनौतीपूर्ण रहेको बताउनुभयो। पार्टीको संगठन विस्तारलाई फराकिलो बनाउँदै वडा तहदेखि प्रदेश तहसम्म सबैलाई समेट्ने गरी समिति गठन गर्नुपर्ने उहाँको भनाइ छ।

मधेशको राजनीतिक तथा सामाजिक परिवेश बुझेको नेतृत्वको पहलमा संगठनभित्रका समस्या समाधान गर्न सहज हुने विश्वास व्यक्त गर्दै उहाँले प्रदेश सभापति यादवको नेतृत्वमा बाँकी विवाद पनि समाधान हुने अपेक्षा गर्नुभयो।

रास्वपा मधेश प्रदेशका प्रवक्ता रञ्जित रामले पनि प्रदेशको संगठनात्मक समस्या समाधान गर्न सभापति यादवको पहल महत्त्वपूर्ण हुने बताउनुभयो। प्रदेशको अवस्थाबारे उहाँ जानकार रहेकाले सक्रियतापूर्वक लागेमा विवाद समाधान हुन सक्ने उहाँको भनाइ छ।

प्रदेश सभापति यादवले महोत्तरीका कार्यकर्तासँग व्यापक छलफल गरेर सबैलाई एकताबद्ध बनाउने प्रयास गरिएको बताउनुभयो। उहाँले मधेश प्रदेशका बाँकी जिल्लामा देखिएका समस्या पनि समाधान गर्दै संगठनलाई मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

स्थानीय तहदेखि प्रदेश तहसम्म हुने आगामी निर्वाचनलाई लक्षित गर्दै पार्टीले 'मिसन मधेश' अभियान अघि बढाएको उहाँले जानकारी दिनुभयो। वडा तहदेखि प्रदेश तहसम्म पार्टीको उपस्थिति बलियो बनाउने र निर्वाचनमा सफलता हासिल गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ।

"नयाँ र पुराना भन्ने विभाजन होइन, हामी सबै घण्टी हौं," भन्ने सन्देशसहित पार्टीभित्रको विवाद अन्त्य गरी एकताबद्ध संगठन निर्माणमा जोड दिइएको उहाँले बताउनुभयो।

सात जिल्लामा अधिवेशन हुन बाँकी रास्वपाको प्रथम महाधिवेशनपछि मधेश प्रदेशका आठ जिल्लामध्ये पर्साबाहेक अन्य सात जिल्लामा जिल्ला अधिवेशन हुन सकेको छैन। संगठन समायोजन र आन्तरिक विवादका कारण अधिवेशन प्रक्रिया प्रभावित हुँदै आएको छ।

विवाद समाधानका लागि रास्वपाको केन्द्रीय समिति बैठकले भदौ ५ गते सहमहामन्त्री हरि ढकालको संयोजकत्वमा 'मधेश प्रदेश संगठन अडिट समिति' गठन गरेको थियो। समितिमा सुरेन्द्र चौधरी, अशोककुमार चौधरी, प्रमोद न्यौपाने, जगदीश खरेल र पुनम अग्रवाल सदस्य रहनुभएको थियो। उक्त समितिले पर्साबाट सुरु गरी बारा, रौतहट, सर्लाही, धनुषा र महोत्तरीलगायत जिल्लामा स्थलगत छलफल तथा संगठनको अवस्था समीक्षा गरेको थियो। सातवटै जिल्लामा संगठनको अवस्था अध्ययन गरी विवाद समाधानका उपायसहित समिति काठमाडौं फर्किएको जनाइएको छ।

केन्द्रीय तहबाट विशेष समिति परिचालन गरेर संगठनात्मक समस्या समाधानको प्रयास भए पनि मधेश प्रदेशका विभिन्न जिल्लामा विवाद कायमै रहेको पार्टीका नेताहरूले बताएका छन्। यस्तो अवस्थामा प्रदेश सभापति यादवले महोत्तरीमा विवाद समाधानका लागि गरेको पहललाई पार्टीका केही कार्यकर्ताले सकारात्मक रूपमा लिएका छन्।

महोत्तरीमा विवाद समाधान भएको दाबी गरिए पनि त्यसको प्रभावकारिता आगामी दिनमा संगठन समायोजन, जिल्ला अधिवेशन र कार्यकर्ताबीचको सहकार्यले स्पष्ट पार्नेछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लब नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रदेश सभा सदस्य....

सदस्यबाट निलम्बित हुनुभएको थियो ।

जिल्ला अदालतको फैसलाविरुद्ध परेको पुनरावेदनमा उच्च अदालत जनकपुरले २०८३ साल असारमा फैसला गर्दै शर्माको जन्मकैदको सजाय घटाएर पाँच वर्ष कायम गरेको थियो । उच्च अदालतले शर्मासहित धर्मेन्द्र राय, रामशङ्कर मिश्र र सुरेश पाण्डेलाई जनही पाँच वर्ष कैद सजाय सुनाएको थियो । त्यस्तै लक्ष्मी महतो कोइरी र पवन कापरलाई पनि पाँच वर्ष कैद सजाय तोकिएको थियो । तीन जना प्रतिवादीको हकमा भने जिल्ला अदालतले सुनाएको जन्मकैदको फैसला सदर गरिएको थियो ।

उच्च अदालतको फैसलामा शर्मालगायत केही प्रतिवादीले थमन विकमाथि प्रत्यक्ष प्रहार गरेको वस्तुनिष्ठ प्रमाण नदेखिएको उल्लेख भए पनि अन्य प्रतिवादीको बयान तथा उपलब्ध प्रमाणका आधारमा उनीहरूलाई ज्यानसम्बन्धी कसुरमा दोषी ठहर गरिएको थियो । शर्माले प्रदेश सभा सचिवालयमा निलम्बन फुकुवाको माग गर्नुभएको हो तर सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा प्रदेश सभा सदस्यको निलम्बन स्वतः फुकुवा हुने वा नहुने विषयमा प्रदेश सभा नियमावली तथा सम्बन्धित कानुनी व्यवस्थाको व्याख्या आवश्यक पर्ने देखिन्छ ।

मधेश प्रदेशमा हाल मधेश प्रदेश सभा नियमावली, २०८२ लागु रहेको छ ।

# बहिरा विद्यार्थीको शिक्षामा सुधार गर्न...........

परियोजनाको प्राविधिक सहयोगमा महोत्तरीको बर्दिबासमा सञ्चालन गरिएको तालिममा धनुषा, रौतहट र महोत्तरीका परियोजनाअन्तर्गतका विद्यालयमा कार्यरत २६ जना शिक्षक सहभागी थिए । सहभागीमध्ये १२ जना बहिरा शिक्षक रहेको आयोजक संस्थाले जानकारी दिएको छ ।

तालिमका प्रशिक्षक प्रकाश रेग्मीले बहिरा विद्यार्थीको रुचि, क्षमता र आवश्यकताअनुसार शिक्षण विधि प्रयोग गर्ने तरिकाबारे सांकेतिक भाषामार्फत प्रशिक्षण दिइएको बताउनुभयो । उहाँले विद्यार्थीको सिकाइलाई सहज र प्रभावकारी बनाउन दृश्य सामग्री तथा सञ्चारका वैकल्पिक विधिको प्रयोग महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँका अनुसार तालिममा समावेशी शिक्षासम्बन्धी सरकारी नीति तथा व्यवस्था, बहिरोपन र कम सुन्ने अवस्थाको पहिचान, नेपाली सांकेतिक भाषा, दृश्य सामग्रीको प्रयोग तथा सञ्चारका वैकल्पिक विधिबारे जानकारी दिइएको थियो ।त्यस्तै, बालबालिकाको आवश्यकता र क्षमताअनुसार शिक्षण गर्ने तरिका, पाठ्यक्रम अनुकूलन, लैङ्गिक उत्तरदायी शिक्षण, विश्वव्यापी सिकाइ ढाँचा (यूडीएल) र व्यक्तिगत शैक्षिक योजना (आईईपी) निर्माणसम्बन्धी विषयमा पनि अभ्यास गराइएको थियो ।

तालिमका अर्का प्रशिक्षक विजय तामाङले सहभागी शिक्षकलाई सैद्धान्तिक ज्ञानका साथै समूह छलफल, नमुना प्रदर्शन, व्यावहारिक अभ्यास र अनुभव आदानप्रदानमार्फत सिकाइका विधि कक्षाकोठामा प्रयोग गर्न सक्षम बनाउने प्रयास गरिएको बताउनुभयो । तालिममा प्रत्येक बालबालिकाको सञ्चार क्षमता, भाषा, सिकाइको गति र व्यक्तिगत आवश्यकताअनुसार शिक्षण सामग्री तथा विधि छनोट गर्नुपर्ने विषयमा विशेष जोड दिइएको उहाँको भनाइ थियो ।

उहाँका अनुसार समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि स्रोत कक्षाका शिक्षक र मूलधारका कक्षामा अध्यापन गर्ने शिक्षकबीच सहकार्य आवश्यक रहेको विषयमा समेत छलफल गरिएको थियो । सबै बालबालिकाले विद्यालयमा सम्मानजनक वातावरणमा सिक्न, आफ्ना विचार व्यक्त गर्न र सिकाइका अवसरमा समान रूपमा सहभागी हुन पाउने वातावरण निर्माणमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिइएको थियो ।

प्रशिक्षक लामाले तालिमबाट प्राप्त ज्ञान र सीपलाई कक्षाकोठामा प्रयोग गरी बहिरा तथा कम सुन्ने बालबालिकाको सिकाइलाई सहज, पहुँचयोग्य र प्रभावकारी बनाउने अपेक्षा गरिएको जानकारी दिनुभयो । तालिमको उपलब्धिलाई दिगो बनाउन विद्यालयस्तरमा नियमित अनुगमन, पृष्ठपोषण, शिक्षकबीच सहकार्य र आवश्यक प्राविधिक सहयोगलाई निरन्तरता दिनुपर्ने आवश्यकता पनि औंल्याइएको छ ।

समावेशी शिक्षा प्रवर्द्धन तथा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने उद्देश्यले सञ्चालन भइरहेको टीईसीएसई परियोजनामा नेपाल सरकार, फिनल्यान्डको परराष्ट्र मन्त्रालय र युरोपेली सङ्घको सहयोग रहेको छ ।

परियोजनाले सबै बालबालिकाका लागि समान र समावेशी सिकाइका अवसर विस्तार गर्न प्राविधिक सहयोग प्रदान गर्दै आएको छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मटिहानी नगरपालिका, महोत्तरी

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।

औरही नगरपापालिका
महोत्तरी

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी

डेंगुबाट कसरी बच्ने?

बाहुला भएको/ शरीर ढाकिने लुगा लगाउने
दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने ।
साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने ।
लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।
घरका झ्याल ढोकामा जाली लगाउने ।

डेंगुको उपचार के ?

डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन ।
- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन ।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न ।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ ।

जलेश्वर नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

गौशाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

# मिथिलाको दसैंबाट हराउँदै नगारा (ढोल) बजाउने परम्परा

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**असोज २६ गते, महोत्तरी**

मिथिलामा बडादसैँको आगमनसँगै गाउँबस्तीमा गुञ्जिने 'दसैँ के ढोल' (नगारा) को आवाज हराउँदै गएको छ। पुस्तौँदेखि दसैँको आगमनको सङ्केत दिने यो परम्परालाई नयाँ पुस्ताले निरन्तरता नदिँदा मिथिलाको मौलिक लोकसंस्कृति सङ्कटमा परेको छ।



विगतमा घटस्थापनादेखि चमार समुदायका अगुवाले नगारा बजाउँदै 'दसैँ के ढोल' भन्दै गाउँबस्ती परिक्रमा गर्ने चलन थियो। नगारा बज्न थालेपछि दसैँ आएको अनुभूति हुने र बालबालिका त्यसको पछि लाग्ने गरेको स्थानीयवासी सम्झन्छन्। अहिले गाउँबस्तीमा यो दृश्य देखिन छाडेको छ।

महोत्तरीको औरही नगर पालिका-२ की ७६ वर्षीया नवीन मिश्रलाई नगारा बज्न छाडेपछि दसैँको रौनक हर ाएजस्तो लागेको छ। "गाम घर मे आब न ढोल बजैय" (गाउँघर मा अब ढोल बज्न छाड्यो), उहाँले भन्नुभयो, "दशहरा पावैन आयल बुझाइए न रहल अई" (दसैँ आएको अनुभूति नै हुन छाड्यो)।

औरही नगरपालिकाका ७२ वर्षीय पूर्वशिक्षक सीताशरण यादव पनि पुराना परम्परा हराउँदै जाँदा सांस्कृतिक पहिचान कमजोर हुने चिन्ता व्यक्त गर्नुहुन्छ। "पुराना परम्परा सबै हराउँदै गए, अब हाम्रो पहिचान के रहला भन्ने चिन्ता लाग्छ," उहाँले भन्नुभयो।

स्थानीयका अनुसार नगारा बजाउने परम्परा हराउनुमा पुराना अगुवाको उमेर बढ्नु र नयाँ पुस्ताले यसलाई निरन्तरता दिन चासो नदेखाउनु प्रमुख कारण हुन्। रोजगारीका लागि युवा भारत तथा खाडी मुलुक जाने क्रम बढेसँगै पुर्ख्यौली पेसा र परम्परा हस्तान्तरणमा पनि समस्या देखिएको छ।

औरही नगरपालिका-२ स्थित चमारटोलका ७५ वर्षीय भरोसी महरा चमारले शरीरले साथ दिएसम्म नगारा बजाउने गरेको बताउनुभयो। "जबसम्म शरीरले साथ दियो, तबसम्म ढोल बजाएँ। अहिले छोरा-नाति ढोल बजाउन चाहँदैनन्, के गरौँ ?" उहाँले भन्नुभयो।

औरही नगरपालिका-७ स्थित सोनामाई मन्दिरमा भने दसैँका अवसरमा लाग्ने भूत मेलामा बिहान र बेलुका नगारा बजाउने परम्परा कायम छ। मन्दिरका पुजारी केदार झाका अनुसार गाउँबस्तीमा बज्ने नगारा अहिले मन्दिर परिसरमा सीमित हुँदै गएको छ।

मैथिली साहित्यकार तथा वरिष्ठ पत्रकार रामभरोस कापडीले नगारा बजाउने परम्परा मिथिलाको लोकसंस्कृतिको अभिन्न अङ्ग भएको बताउनुभयो। उहाँले समयअनुसार परम्परालाई परिष्कृत गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने र स्थानीय सरकारले संरक्षण तथा संवर्द्धनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। मिथिलाको दसैँसँग जोडिएको नगारा बजाउने परम्परा जोगाउन समुदायको सक्रियता, नयाँ पुस्ताको सहभागिता र स्थानीय सरकारको संरक्षण आवश्यक देखिएको छ।

# मटिहानीमा अपाङ्गता भएका ४० जना व्यक्तिलाई ह्वीलचेयर वितरण



**खबर दर्पण समाचारदाता**
**असोज २६ गते, बर्दिवास**

महोत्तरीको मटिहानी नगर पालिकाले अपाङ्गता भएका व्यक्तिहरूको सहज आवागमन तथा दैनिक जीवनयापनमा सहयोग पुर्याउने उद्देश्यले ह्वीलचेयर वितरण कार्यक्रम सुरु गरेको छ ।

नगरपालिकामा आयोजित एक कार्यक्रमबीच नगर प्रमुख हरि प्रसाद मण्डलले ह्वीलचेयर वितरण कार्यक्रमको शुभारम्भ गरेका हुन् ।

स्वास्थ्य कार्यालय महोत्तरीबाट प्राप्त ह्वीलचेयर मटिहानी नगर पालिकाभित्रका ४० जना शारीरिक अशक्तता भएका व्यक्तिलाई वितरण गरिने नगर पालिकाका स्वास्थ्य शाखा प्रमुख पवनकुमार मण्डलले जानकारी दिए ।

ह्वीलचेयरको अभावमा आवागमनमा कठिनाइ भोगिर हेका व्यक्तिहरूलाई यसबाट राहत पुग्ने विश्वास गरिएको छ ।

ह्वीलचेयर वितरणले उनीहरूको दैनिक गतिविधि सहज बनाउनुका साथै आत्मनिर्भरता र सामाजिक सहभागिता बढाउनसमेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

कार्यक्रममा मटिहानी स्वास्थ्य चौकीका मेडिकल अधिकृत कृष्णकुमार परियार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दास, सूचना तथा प्रविधि अधिकृत जयकुमार यादव, सि.अ.हे.व. अधिकृत नागेश्वर पाण्डे, जनस्वास्थ्य अधिकृत स्मृतिलगायत स्थानीयवासीहरूको उपस्थिति रहेको थियो ।

स्वास्थ्य कार्यालय महोत्तरीको सहयोग तथा मटिहानी नगर पालिकाको समन्वयमा सञ्चालन गरिएको यस कार्यक्रमले नगर क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको जीवनयापन सहज बनाउन र उनीहरूको गतिशीलता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

# भन्सार छलीका सामान बरामद

**खबर दर्पण समाचारदाता**
**असोज २६ गते, बर्दिवास**

धनुषा प्रहरीले भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइएका करिब २ लाख ५० हजार रुपैयाँ मूल्यका विभिन्न सामान नियन्त्रणमा लिएर जनकपुर भन्सार कार्यालयमा बुझाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विभिन्न मिति र स्थानमा प्रहरी कार्यालय तथा मातहतका इकाइबाट खटिएका प्रहरी टोलीले अवैध रूपमा भन्सार छली गरी ल्याइएका सामान बरामद गरेका हुन् ।

नियन्त्रणमा लिइएका सामानमा किराना सामग्री, इलेक्ट्रोनिक्स तथा लत्ताकपडालगायतका वस्तु रहेका छन् । बरामद सामानको कुल मूल्य २ लाख ४९ हजार ४ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले आवश्यक कानुनी प्रक्रिया तथा कारबाहीका लागि बरामद सामान सोमबार जनकपुर भन्सार कार्यालयमा बुझाएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले भन्सार छली गरी ल्याइएका सामान नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको जानकारी दिए ।

प्रहरीले सीमा क्षेत्रबाट हुने अवैध ओसारपसार तथा भन्सार छली नियन्त्रणका लागि निगरानी र कार बाहीलाई निरन्तरता दिँदै आएको जनाएको छ ।

**मादक पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा    मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,